माण्डवी गाउँपालिकाको आठौ गाउँसभामा

गाउँपालिकाका अध्यक्ष श्री श्रीधर रोकाज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष ०७७/०७८ को

# नीति तथा कार्यक्रम

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

प्रदेश नं. ५

गाउँपालिका उपाध्यक्ष ज्यु,

सम्पुर्ण गाउँसभाका सदस्यहरु,

सम्पुर्ण  राष्ट्रसेवक कर्मचारी तथा

उपस्थित सम्पुर्ण महानुभावहरु ।

माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

कोभिड-१९ का कारण विश्वभर लाखौं मानिसको ज्यान गइसकेको छ र लाखौं सङ्क्रमित छन् । यस महामारीबाट नेपालमा पनि केही जनताले ज्यान गुमाई सकेका छन्, हजारौंको संख्यामा सङ्क्रमित छन् भने सयौं मानिस निको समेत भइसकेका छन् । यस विश्वव्यापी महामारीबाट सङ्क्रमित भई नेपालभित्र तथा वाहिर जीवन गुमाउनेका शोकाकुल परिवारजनप्रति माण्डवी गाउँपालिका समवेदना व्यक्त गर्दछ । कोभिड-१९ ले मुलुकको अर्थ व्यबस्थामाथि गम्भीर असर पुऱ्याएको छ । यस महामारीबाट माण्डवी गाउँपालिका पनि अछुतो रहन सकेको छैन । उद्योग व्यापार व्यवसाय प्रभावित भएको छ । सबै बिद्यालय शैक्षिक संस्थाहरु बन्द छन् । धेरैको रोजगारी गुमेको छ । बिकास निर्माणका कार्यहरु सोचे अनुरुप अघि बढ्न सकेको छैन । गाउँपालिकाभित्र बसोबास गर्ने असंगठित क्षेत्रमा काम गर्ने श्रमिक तथा बैदेशिक रोजगारीबाट रोजगारी गुमाएर पर्केका परिवारले खाद्यन्नको अभावका कारण भोग्नु परेको कठिनाईलाई समाधान गर्न वडा कार्यालयहरु मार्फत् आवश्यक राहत सामग्री वितरण गरी सकिएकोछ । कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै नेपाल सरकारले अवलम्वन गरेको रणनीति र निर्णय वमोजिम संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरेर यस रोगको सङ्क्रमण फैलिन नदिन गाउँपालिकाले अहोरात्र काम गरिरहेको छ । सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथी विजय हासिल गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।  यस जोखिमपूर्ण

परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, राष्ट्रसेबक कर्मचारी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस महामारी सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा गाउँवासीले दिएको साथ, सहयोग, अगाध माया र ममताबाट प्रेरित भई मैले गाउँपालिकालाई समृद्ध, सुन्दर, स्वस्थ, सुरक्षित, र विकाश निर्माणको कार्यलाई समेत प्रतिकुलताका बापजुत सम्पन्न गर्ने गरी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

कोभिड १९ को कारणबाट विगत तीन महिनादेखि मुलुक बन्दाबन्दीको अवस्थामा रहेकोमा हाल क्रमिक रुपमा सामान्यतर्फ उन्मुख भैरहेको महशूस भएतापनि परिस्थिति कुनै पनि बेला विषम हुन सक्ने देखिन्छ । यस महामारीबाट पूर्ण उन्मुक्ति कहिले हुन्छ यकिन गरी भन्न सकिने स्थिति छैन,

तथापी यसले गाउँवासीमा पारेको असरलाई न्यूनीकरण गरी छिटो भन्दा छिटो जनजीवनलाई पूर्ववत् अवस्थामा ल्याउन हामी प्रयासरत छौं । आगामी बर्षको नीति तथा कार्यक्रमको प्राथमिकता जनस्वास्थ्य सेवा सुधार, विद्यालय शिक्षा सुधार, कृषि तथा पशु क्षेत्रको विकास र बैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशीलता तथा रोजगारी प्रबर्द्धनमा केन्द्रित रहेको छ । यी क्षेत्रहरुलाई लक्षित गरी कोभिड १९ प्रतिकार्य योजनामा सम्पुर्ण आयोजना तथा कार्यक्रमहरु समेट्ने गरि सवै सँगको सहकार्यमा कार्यान्वयनमा लैजान पहल गरिनेछ

कोभिड १९ को विश्वव्यापि संकमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्युनिकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौति हो । महामारीको अबस्थामा स्थानिय सरकारका आवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् । यस परिस्थितिमा स्थानिय तहको बजेट तर्जुमा सामान्य अवस्था भन्दा फरक हुने निश्चित देखिन्छ । नेपालको संविधान ,प्रचलित ऐन,कानूनले स्थानिय तहलाई प्रदान गरेको अधिकारहरुलाई कार्यान्वयन गर्दै सुखि र समृद्ध स्थानिय तह बनाउने ,जनतालई अधिकार सम्पन्न वनाउने ,र जनतालाई आफ्नो नजिकको सरकारको अनुभुती गराउने असल प्रयत्न ४ वर्ष देखि गर्दै आइरहेका छौ । स्थानिय स्तरमा योजनाको छनौट,स्थानिय जनताबाटै त्यसको कार्यान्वयन र त्यसको

लाभको न्यायोचित वितरण मार्फत स्थानिय तहको विकास प्रभावकारी ढंगले अगाढि बढेको अनुभुती भएकोछ ।

गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा  राजनीति दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेको रचनात्मक एवं सृजनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अगामी दिनमा समेत हामी सवैको सहकार्य र समन्वयबाट अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु ।

आदरणिय गाउँसभा सदस्य ज्युहरु

आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समीक्षा

स्थानिय सरकार स्थापनाको करिव ४ वर्षमा ४ वटा नीति तथा कार्यक्रमहरुको माध्यमबाट संविधानप्रदत्त अधिकार बमोजिम कार्य जिम्मेवारीहरु व्यबस्थित र नतिजाउन्मुख रुपमा सम्पादन गरि स्थानिय सरकार जनताले आफ्नै गाउघरमा  भेट्ने र सुख दुखमा साथ दिने सरकारको रुपमा स्थापित हुन सफल भएका छौ ।

त्यसैले अब म विगतलाई फर्केर सम्पादित कार्यहरुको छोटो समिक्षा गर्न चाहान्छु ।

माण्डवी गाउँपालिका कृषिको उर्भर भुमि भएकोले कृषिलाई प्रमुख प्राथमिकतामा राखिएको थियो सम्पुर्ण वडामा कृषक संजाल गठन गरि कृषकहरुलाई  कृषि क्षेत्रको भ्रमण गराइएकोछ । आधुनिक कृषि प्रणालिलाई अवलम्बन गर्न कृषकलाई मिनि टेक्टर,डिजिटल तराजु,पावर टेलर वितरणका लागि नामावलि छनौट गरिएकोछ कृषकलाई कृषि कर्म तर्फ आर्कषित गर्नका लागि करिव २० जना कृषकहरुलाई रु ७५ हजारका दरले अनुदान दिने कार्य अन्तिम चरणमा पुगेकोछ । कृषकलाई व्यबसायिक कृषी गर्न प्रेरित गर्दे समुह दर्ता गर्न लगाई करिव ४० वटा कृषक समुह दर्ता भएका छन । गाउँपालिकाले आफ्नै स्थानिय तहमा नर्सरि निर्माण मार्फत विरुवा उत्पादन गर्ने उद्देश्यका साथ लामाचौरमा  बहुउद्देशियय नर्सरी निर्माण गरि कार्य सञ्चालनमा आएकोछ ।

सामुदायिक विद्यालय संचालनका कठिनाइलाई मध्यनजर गर्दे गा.पाद्धारा  शिक्षकको व्यबस्थापन मार्फत  शिक्षक  दरवन्दि पुर्ति नभएको अवस्थामा पनि शिक्षकको कमि हुन दिएन,शैक्षिक गुणस्तर शुधारका निमित्त निरन्तर मूल्यांकन,प्र.अ सँग कार्यसम्झौता करार,विद्यालयमा ई हाजिरिको सुरुवात,प्र.अहरुको मासिक बैठक,गरिव जेहेन्दार विद्यार्थिलाई छात्रबृति तथा विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गरि शैक्षिक गुणस्तरका बृद्धि गरिएकोछ । गाउँपालिकाले वनाएको नीति निर्देशन

पालनामा अटेर गर्ने शिक्षकलाई मापदण्ड वनाई सरुवा गरिएकोछ । शिक्षामा समानता कायम गर्नु पर्दछ भन्ने मुल मान्यतालाई आत्मसाथ गर्दे, नेपाल सरकारबाट सेवा सुविधा लिने माण्डवी गाउँपालिकाका स्थायि बासिन्दालाई अनिवार्य रुपमा सामुदायिक विद्‌यालयमा आफ्ना बालबालिका पढाउनु पर्ने अभियानले सफलता हात पारेकोछ ।माण्डवी माध्यमिक विद्यालयमा प्राविधिक धारमा कम्प्युटर ईन्जिनियरिङको पढाई सुरुवात गरिएकोछ । माण्डवी मा.विमा बस खरिद, वालबालिकालाई पढाइका लागि टि.भि कार्यक्रम,स्टेशनरी बैंकको स्थापना, टकिङ टिचर तथा भेण्डर मेशिनको जडान जस्ता कार्यक्रम सम्पन्नको चरणमा रहेका छन ।

स्वास्थ्य क्षेत्रमा जनताको सहज र सरल पहुँच स्थापित गर्नका लागि सम्पुर्ण स्वास्थ्य चौकि र सामुदायिक स्वास्थ्य इकाइबाट नियमित स्वास्थ्य सेवाहरु संचालन भैरहेका छन् । गाउँघर क्लिनिक वा खोप क्लिनिकहरुको भौतिक संरचनामा सुधार गर्न ३ वटा खोप क्लिनिकमा  सौचालय निर्माण गरिएकोछ । सुत्केरी टेवा कार्यक्रमले सकारात्म प्रभाव पारेकोछ,देविस्थान स्वास्थ्य चौकिमा ल्याव सेवा निरन्तर संचालनमा रहेकोछ भिडियो एक्सरे तथा एक्सरे सेवा  सुरु गर्न जनशक्तिलाई तालिम समेतको व्यबस्था गरि सेवा सुचारु गरेका छौ । सम्पुर्ण स्वास्थ्य चौकिमा ई हाजिरि,कम्प्युटर तथा प्रिन्टरको व्यबस्था,ईन्टरनेटको पहुँच स्थापित गरि स्वास्थ्य संस्थालाई आधुनिक प्रबिधिसँग जोडिएकोछ । औषधि तथा उपकरणहरुको अभाव हुन नदिई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराइराखिएकोछ ।

माण्डवाी गाउँपालिकामा एक घर एक धारा अभियानलाई यस बर्ष घनिभुत रुपमा कार्यान्वयन गरि यस आर्थिक वर्षसम्ममा करिव ७० प्रतिशत  घरधुरिमा शुद्ध खानेपानीको पहुँच पुगेकोछ । उज्यालो माण्डवी गाउपालिका अभियान अर्न्तगन यस आ.वमा मात्रै करिव ८० घरधुरिमा मिटर बक्स विजुलिको तार,एम.सि.वि वितरण गर्ने कार्य सम्पन्नको चरणमा छ । सडक वस्तिको विस्तार तथा विद्‌यालय तथा सामुदायिक भवनहरुमा समेत विद्युतिकरण गरिएकोछ । विपन्न असाहयका लागि  सुरक्षित आबास कार्यक्रममा जस्तापाता वितरण तथा खरको छानो मुक्त गाउँपालिका बनाउने विषेश अभियान अर्न्तगत यस आ.वमा करिव ६०० घरधुरिले जस्तापाता प्राप्त गर्ने भएका छन । पर्यटन क्षेत्रको विकास गर्न यस गा.पाको ऐतिहासिक तथा धार्मिक स्थल उदयपुरकोट दरवारको गुरुयोजना तयार गरि त्यसको संरक्षणको प्रयास गरिएको छ । सन्तुलित र समाबेशि विकास माण्डवीको पहिचान भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै  सवै वडाहरुमा विनियोजन भएका आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् । युवा पुस्तालाई खेलकुद सँग आवद्ध गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्पन्न गरिएकोछ जेष्ठ

नागरिकलाई संरक्षण गर्नेलाई सम्मान कार्यक्रम, अपाङ्ग संजालको गठन र परिचयपत्र वितरण कार्य,वालमैत्रि स्थानिय शासन सँचालनका लागि विविध कार्यक्रम ,महिला लक्षित विभिन्न शिप मुलक तालिम तथा शसक्तिकरण अभियान,लोकसेवा कक्षा सञ्चालन मार्फत सार्वजनिक सेवा प्रति युवाहरुलाई आर्कषण गरिएकोछ । स्थानिय उद्योग बाणिज्य संघ,सहकारी सँस्था,निजि संघ संस्थाहरु सँग समन्वय र सहकार्यको लागि अन्तरक्रिया र छलफल गरिएकोछ । जस्पुर वजार व्यबस्थापन समिति मार्फत वजारलाई व्यबस्थित गर्ने कार्य भएकोछ । गाउँपालिकाको स्थायि केन्द्र नहुदाँ देखिएको समस्यालाई समाधान गर्न गा.पाको केन्द्र जस्पुरमा राख्ने गरि विषेश गाउँ सभाबाट निर्णय गरि प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाइएकोमा नेपाल सरकारको मन्त्रिपरिषदबाट निर्णय भए बमोजिम गाउँपालिकाको कार्यालय जस्पुर सारिएकोछ । गाउँपालिका भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्त भई भवन निर्माणका लागि ठेक्का प्रणालीमा गइसकिएकोछ । असार मसान्त भित्र कार्य सम्पन्न गर्ने गरि प्रदेश सरकार मार्फत शसर्त अनुदानमा प्राप्त चिस्यान केन्द्र निर्माणको कार्य अगाढि बढेकोछ । विपद् व्यबस्थापनका लागि कोषको निर्माण गरि पुनरस्थापना र प्रतिकार्य योजना मार्फत १० जना पिडितलाई तत्कालै राहात वितरण गरिएकोछ । दिर्घरोगिलाई उपचारमा सहयोग गर्न २२ जना दिर्घ रोगिले गाउँपालिकाबाट सहयोग प्राप्त गरेका छन् । सार्वजनिक सेवालाई समायानुकुल परिमार्जन गर्दै छिटो छरितो सेवा प्रदानका लागि गाउँपालिका र वडा कार्यालयहरुमा ईन्टरनेट सुविधा,सुचना अधिकारी व्यबस्था,गुनासो सुन्ने अधिकारीको प्रबन्ध,सुझाव पेटिका र नागरिक बडापत्रको व्यबस्थाले जनतामा स्थानिय सरकारप्रति विश्वास बढेको तथा गुनासा घटेको र गाउँ गाउँमा आफ्नै सरकार भेटेको अनुभुति गर्न पाएको महुशुस गरेकोछु । स्थानिय तहमा कानुनी जटिलता र अभावलाइ चिर्दै यस वर्ष करिव १० वटा कानुन निर्माण गरि कार्यन्वयनमा ल्याइएकोछ ।

कोभिड-१९ रोगका कारण नेपाल सरकारले गरेको लकडाउन र त्यसबाट श्रमिक वर्गले गुमाउनु परेको रोजगारीका कारण सृजित अवस्थालाई मध्यनजर गरि ८२५ परिवारलाई राहात सामाग्रि वितरण गरिएकोछ । बैदेशिक रोजगारीका लागि भारत तथा तेश्रो मुलुकबाट फर्केका व्यक्तिलाई अनिवार्य क्वारेन्टिनमा राख्न १८ स्थानमा क्वारेन्टिन निर्माण गरि करिव १२०० जना क्वारेन्टिनमा बसि घर फर्केका छन भने आजको दिन सम्म अझै करिव २०० जनालाई क्वारेन्टिनमा राखिएकोछ । कोभिड-१९ को संक्रमण जिल्लामा सबैभन्दा पहिला हाम्रो गाउँपालिकामा देखिएको र संक्रमितलाई गाउँपालिका कै आइसोलेसनमा राखि उपचार गरि एक जना उपचार पछि निको भएर घर फर्किसक्नु भएकोछ ।

गाउँपालिकाले कोभिड-१९ रोगको सम्भावित संक्रमणको परिक्षण गर्न हालसम्म  आर.डि.टि टेस्टबाट ५९६ तथा पिसिआर विधिबाट ४११ जनाको परिक्षण गरिसकेको तथा हाल क्वारेन्टिनमा रहेका सम्पुर्ण व्यक्तिहरुको स्वाब संकलन गरि परिक्षणका लागि पठाइएकोछ । संक्रमण देखिएका व्यक्तिसँग आएका समेतको ट्रेसिङ गरि स्वाब संकलन गरि परिक्षणका लागि पठाइएकोछ । यसवाट हामिलाई स्थानिय सरकारले निरन्तर आफ्नो जिम्मेवारी कुशलताका साथ पुरा गर्ने हो भने जस्तो सुकै विपद्लाई पनि जित्न सकिन्छ भन्ने अनुभुति भएकोछ । कोभिड-१९ रोगका कारण लगाइएको लकडाउनका कारण अर्थिक वर्षको अन्त्य सम्ममा सम्पन्न गरि सक्नु पर्ने केहि आयोजनाहरु सम्पन्न गर्न कठिनाई भएकोछ यद्दपी सम्पन्न गर्न नसकिएका आयोजनाहरुलाई श्रोतको सुनिश्चितता गरि आगामि आ.वमा कार्यसम्पन्न गरिनेछ ।

**आदरणिय गाउँसभा सदस्यज्युहरु**

मैले माथि चालु आर्थिक वर्षमा सम्पादन गरेका केहि महत्वपुर्ण कार्यहरुको मात्र समिक्षा गरेकोछु अन्य महत्वपुर्ण कियाकलाप र कार्यक्रमहरु गाउँपालिकाबाट सम्पन्न भइसकेका र सम्पन्न हुने कममा रहेका छन । अव म यस माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत नीतिहरु :**

**क) कोभिड-१९ बाट सिर्जित संकट व्यबस्थापन सम्बन्धि नीति तथा कार्यकम :**

१.आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यान्व्यन गरिने आयेजनाहरु छनौटमा प्राथमिकता दिइनेछ,

२.कोभिड-१९ को व्यबस्थापनमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई सुरक्षा सामाग्रि ( मास्क,पञ्जा,सेनिटाइजर पिपिई) तथा औषधी उपकरणहरुको अभाव नहुने गरि व्यबस्था मिलाइनेछ,

३. कोरोना रोकथाम नियन्त्रण तथा व्यबस्थापनमा अग्रमोर्चामा खटिने स्वास्थ्यकर्मी तथा राष्ट्रसेवक कर्मचारीलाई प्रोत्साहन भत्ताको  साथै स्वास्थ्य विमा कार्यकम लागु गरिनेछ ,

४.कोभिड संकमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिमको क्वारेन्टाईनमा  अनिबार्य राख्ने नीति लिइनेछ,

५ कोभिड-१९ संक्रमण देखिएका संकमित व्यक्तिलाई आइसोलेसनमा राख्नका लागि नेपाल सरकारले तोकेको आइसोलेसन निर्माण सम्बन्धि मापदण्डका आधारमा आइसोलेसन निर्माण र व्यबस्थापन गरिनेछ,

६. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि महिला स्वास्थ्य स्वयंसेविका,शिक्षक ,कर्मचारी तथा युवाहरुलाई परिचालन गरिनेछ,

७. कोभिड-१९ का कारण विधार्थी,गर्भवती महिला ,जेष्ठ नागरिक ,अपांगता भएका व्यक्ति डिप्रेशशनमा रहेका ब्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने ब्यत्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउन कार्यक्रम संचालन गरिनेछ ,

८. कोभिड-१९ संक्रमणका कारण लकडाउनले अर्थतन्त्रमा पार्ने नकारात्मक प्रभाव तथा रोजगारी गुमाएका श्रमिकलाई कामका आधारमा नगद वा खाद्यान्य उपलब्ध गराउने गरि कार्यक्रम तय गरिनेछ ।

*१. आर्थिक विकास क्षेत्र :*

क) **"बाझो जग्गाको उपयोग गरौ आत्मनिर्भर बनौ"** भन्ने मुल मन्त्रका साथ स्थानिय तहभित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्यांक संकलन गरी सोको पुर्ण उपयोगको व्यबस्था मिलाउन भूमि बैंकको स्थापना गरिने छ । बाझो जग्गालाई जग्गा धनिले अनिवार्य उपयोग गर्नुपर्ने यदि जग्गा आफैले प्रयोग नगरेमा करारमा दिनुपर्ने र करारमा जग्गा प्राप्तिका लागि प्रदेश सरकार समेतको सहयोगमा जग्गाको उपयोग गर्न गाउँपालिकाले कृषक तथा युवालाई प्रोत्साहन गर्ने नीति लिनेछ ।

**ख)."कृषिमा अनुदान होइन प्रोत्साहन"** भन्ने विषयलाई आत्मसाथ गर्दै कृषि उत्पादनको परिमाणका आधारमा कृषकलाई प्रोत्साहन गरिने व्यबस्था मिलाइने छ । कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न व्यबसायिक किसानहरुलाई सर्वसुलभ तरिकाबाट गुणस्तरिय विउ,मल, किटनाशक औषधिको उपलब्धता,उत्पादित बस्तुको भण्डारणका लागि प्रत्येक वडाम कृषि संकलन केन्द्रहरु निर्माण गरिनेछ तथा कृषि उत्पादनलाई वजार व्यबस्थामा सहजिकरण गर्न वडा कार्यालय देखि गाउँपालिका सम्म कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यबस्था गरिनेछ । किसानको लागत मुल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि र पशु विमा कार्यक्रमलाई लागु गर्दै लगिनेछ ।

ग).माण्डवी गाउँपालिकामा कृषि तथा पशुपालनको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै कृषि विशेष क्षेत्रको रुपमा अरडखोलामा बृहत कृषि पकेट क्षेत्रको विकास,माडिखोला करिडोरमा थक्लेनी देखि लामाचौर सम्म कृषि पकेट क्षेत्र र झिमुक नदि करिडोरमा कृषि तथा पशुपालन विषेश पकेट क्षेत्रको निर्माण तथा विकास गरिनेछ

घ).कोभिड-१९ रोगका कारण रोजगारी गुमाएर भारत तथा तेश्रो मुलुकबाट फर्किएका युवाहरुलाई कृषि कर्ममा आवद्ध गर्न कृषि अनुदान,पकेट क्षेत्रको रुपमा सामुहिक खेति प्रणालीका लागि उत्प्रेरित,कृषि उत्पादनको परिमाणका आधारमा प्रोत्साहन दिइनेछ ।

ङ).गाउँपालिका भित्रका प्रत्येक वडाहरुको कृषि सम्भाव्यता हेरी **एक वडा एक उत्पादन कार्यक्रम** संचालन गरिनेछ । कृषकको व्यबसायिक कागतीको बगैचा निर्माण र गोलभेडा खेति प्रति रुचि र चासो पाइएकाले **माण्डवी गाउँपालिकालाई गोलभेडा र कागति पालिकाको नामले** चिनाउने गरि कार्यक्रम तय गरिनेछ,

च).मसला जातका बालि लगाउन विशेष पकेट क्षेत्रको निर्माण गरि प्रत्येक वडामा सम्भाव्यता अध्ययन गरि बेसार,अदुवा,दालचिनि,टिमुर खेतिमा कृषकलाई प्रोत्साहन गरिनेछ । स्थानिय तर पोषणका रुपले महत्व मानिएका रैथाने वालीहरु जौ,फापर,कोदो,स्थानिय आलु,र मकै बालि प्रबर्द्धन तथा विकासका लागि जोड दिइने र सोको वजार प्रबर्द्धनका लागि प्रदेश सरकार समेतको सहयोगमा **कोशेली घरको** स्थापना गरिनेछ

छ).बालीनाली उत्पादन तथा जैविक विविधता संरक्षणमा सहयोग पुर्याउने माहुरी पालनलाई प्रर्बद्धन गरिनेछ । यस गाउँपालिकामा बाख्रापालन,बंगुर पालन ,कुखुरा पालन लगाएत पशुपालनको अत्याधिक सम्भावनालाई मध्यनजर गर्दे पशुपालक कृषकलाई प्रोत्साहन गर्न आधुनिक खोर निर्माणमा, व्यबसायिक पशुपालक कृषकलाई उन्नत जातका पशु वितरण तथा मासु पसल र दुध डेरी पसलको सुदृढ व्यबस्थापनमा जोड दिन विशेष कार्यक्रम सञ्चालन गरिनेछ,

ज).पशु नश्ल सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरिनेछ । पशुको उपचारका लागि आवश्यक औषधि तथा उपकरणका लागि आवश्यक कार्यक्रम तय गरिनेछ,

झ).दुध उत्पादन तथा कुखुरा र खसिको मासु उत्पादन परिमाणको आधारमा कृषकलाई प्रोत्साहन दिइनेछ,

ञ).कृषिलाई व्यबसायिकरण, विविधिकरण गर्न कृषकहरुको उत्पादन लागत कम गर्न कृषि यान्त्रिकरणमा अनुदान दिइनेछ, । प्रदेश सरकारको नीति अनुसार कृषिमा सुलभ कर्जा र वीमाको सहज पँहुचमा बृद्धि गर्न बीमा कम्पनी,बैंक तथा वित्तिय संस्थाहरुसँगको सहकार्यमा सवै कृषकका लागि सुलभ कर्जा अभियानलाई गाउँपालिकाले समन्वय र सहजिकरण गर्नेछ ।

ट).कृषकले उत्पादन गरेको कृषि उपजको सहज वजारीकरणका लागि गाउँपालिकामा हाट बजार व्यबस्थापन गरिनेछ

ठ).पशुपन्छी बजार पर्वद्धन गरि उपभोक्ताहरुलाई स्वस्थ र गुणस्तरीय पशुजन्य पदार्थ आपुर्ति गरिने छ,

ड).गाउँ क्षेत्रमा कियाशिल सहकारी संस्थाहरुको प्रर्वधन गरिनुका साथै कृषी सहकारी मार्फत किसानहरुलाई सेवा उपलब्ध गराउन प्राथमिकता दिईनेछ

ढ).धार्मिक तथा पर्या पर्यटनको विकासका लागि उदयपुरकोट दरवार निर्माणमा नेपाल सरकार र गाउँपालिकाको समपुरक कोषबाट ठेक्का प्रणाली मार्फत गुरुयोजना अनुसारको कार्य अगाढी बढाइनेछ, अन्य पर्यटकिय तथा धार्मिक क्षेत्रहरुको पहिचान र विकास गरि **एक वडा एक पर्यटकिय क्षेत्र** निर्माण कार्य सुरुवात गरिनेछ ।

ण).कृषकलाई अनिवार्य कृषक परिचय पत्र वितरण गरिनेछ ,परिचय पत्रका आधारमा कृषकलाई वर्गिकरण गरि सोहि अनुसारको प्रोत्साहन वा अनुदान वितरण गरिनेछ,

त).गाउँपालिका भित्र रहेका उद्योग व्यबसायलाई सुरक्षा तथा संरक्षण गर्दे औद्योगिक वाताबरण तयार पार्ने तथा नयाँ उद्योगि व्यापारीलाई समेत उद्योग व्यबसाय गर्न प्रोत्साहन गर्दे सफल व्यबसायि वनाउन कार्यक्रम तय गरिनेछ ,

***२. समाजिक विकास क्षेत्र :***

क).कोभिड-१९ रोगको संक्रमणका कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरि पठनपाठन गर्ने व्यबस्था मिलाइनेछ । सामाजिक दुरी कायम गरि विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पुर्वाधार निर्माण ,खानेपानि शौचालय सेनिटाइजर ,साबुन तथा सरसफाईको प्रबन्ध गरिनेछ ।

ख). निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था गरी शिक्षामा पहुँचको सुनिश्चितता गरिने छ ।

ग) गाउँपालिकाले निश्चित मापदण्ड बनाई नियुत्त गरिएका प्र.अ.को कार्यसम्पादन मुल्यांकन गरिनेछ साथै प्र.अ. सँग विद्यालयको समग्र भौतिक, शैक्षिक गुणस्तर वृद्धि गर्ने शर्त सहित करार सम्झौता भए अनुसार सोको मुल्यांकनका आधारमा सम्झौता थप गरिनेछ । सो सम्झौता बमोजिम गुणस्तर वृद्धि गर्ने प्र.अ. लाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । विद्यालयमा ईन्टरन सेवा, ई-एटेन्डेन्स, सिसिटिभि कम्प्युटर लगायत सेवा विस्तार गरी क्रमशः विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ

घ). शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर विद्यार्थी मुल्यांङकन, शौक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाई पुर्नताजगी तालिम उपलब्ध गराइने छ ।

ङ) प्रत्येक वडालाई साक्षर वडा घोषणा गर्नका लागि साक्षर अभियान संचालन गरिनेछ ।

च). स्वास्थ्य चौकि तथा सामुदायिक स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगाएतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रिको लागि आवश्यक बजेट व्बबस्था गरिनेछ । कोभिड-१९ रोग

तथा अन्य संक्रमण र विपद्मा समेत आवश्यक देखिएकाले आगामि आ.वमा गाउँपालिकाले एम्बुलेन्स खरिद गर्नेछ ,

छ).स्वास्थ्य क्षेत्रबाट प्रदान गरिने खोप ,सुरक्षित मातृत्व ,प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालनमा उत्प्रेरित गर्नका लागि मासिक प्रोत्साहन भत्ता तथा बैठकमा आउदा खाजा/ खाना भत्ताको व्यबस्था गरिनेछ ,

ज) स्वास्थ्य शिक्षा, सुचना तथा संचार , पोषण ,खोप , भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने निवारणात्मक उपाय अवलम्वन गरीनेछ छ ।

झ). स्वास्थ्य संस्थाहरु तथा वर्थिङ सेन्टरहरुमा २४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराइने छ,

ञ). हामी दुई हाम्रा दुइ सन्तानको अबधारणालाई अंगिकार गर्दै प्रजनन उमेरका दम्पतीहरुलाई प्रजनन नियन्त्रणका स्थायि र अस्थायि साधनहरु निशुल्क रुपमा उपलब्ध गराईने छ ,

ट).खोप सञ्चालन गर्न तथा गाउघर क्लिनिक सञ्चालन गर्नका लागि आवश्यक पुर्वाधारको विकास गर्न खोप केन्द्रहरु स्थापना गर्ने तथा स्थापना भएका केन्द्रहरुमा फर्निचर र आवश्यक सामाग्रिको सुनिश्चितता गरिनेछ ,

ठ). गाउँपालिकामा भिडियो एक्सरे तथा एक्सरे सेवा सञ्चालनमा ल्याउन आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यबस्था  गरि सोको सेवा सुचारु भएकाले यसबाट सेवा लिन गाउँबासिलाई प्रचार प्रसार गरिनेछ ,

ड). ऐतिहाँशिक तथा धार्मिक स्थल, स्थानिय भाषा, धर्म, संस्कृतीको संरक्षण र सम्बर्द्धन गरिने छ ।

ढ).महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदावासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइने छ ,

ण). युवाहरुका लागि खेलकुद, सीप तथा उद्मशिलता विकास, युवा क्लव र युवा संसद स्थापना र संचालन गरी युवालाई क्रियाशिल र सृजनशिल बनाईने छ  । विगतका वर्षमा गर्दै आएको अध्यक्ष कप खेलकुदलाई आगामि आ.वमा पनि निरन्तरता दिइनेछ,

त).महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास गर्न उपयुक्त तालिम प्रदान गरिने छ ,

थ).महिला ,किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिने छ ,

द). नेपालको सविधान ०७२ को धारा ३५ मा सवै नेपालीलाई सुद्ध खानेपानीको हक हुने र दिगो विकास लक्ष्य २०१६ देखी २०३० ले सवैका लागि  सुधारीएको गुणस्तरिय खानेपानीको सुविधा व्यवस्थाको प्रावधान राखेको छ । सोही संबिधानको  प्रावधान र दिगो विकास  लक्ष्यलाई आत्मसाथ गदै यस गाउँपालिकाले अव  कमिक रुपमा खानेपानी योजना सञ्चालन गर्दा  एक घर एक धाराको निति अवलग्घन गदै निर्माण गरिने छ  र निर्माण भई रहेका योजनामा समेत क्रमश यो सुविधा विस्तार गदै लागिने छ । प्रदेश नं ५ को प्रदेश सरकारको लक्ष्य अनुसार यस आर्थिक वर्षमै वास योजना वनाई सवै कार्यहरु सोहि अनुरुप सम्पादन गरीनेछ ।

ध). **" गुणस्तरिय र दिगो खानेपानी हाम्रो आवश्यकता,पुर्ण सरसफाई, र स्व्च्छता माण्डवीको प्रतिवद्धता"** भन्ने नाराका साथ यस गाउपालिकाका सवै जनालाई शुद्ध खानेपानी सुविधाको सुनिश्चितता र समुदायको सहज पहुचका लागि आधारभुत स्तरको पानीको गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरिने साथै निर्माण हुने सवै योजनामा पानी सुरक्षा योजना लागु गरिने छ ।

न). खानेपानीका श्रोतहरु क्रमश घटदै रहेको अवस्थामा श्रोतको संरक्षणलाई विशेष प्राथमिकतामा राख्दै निर्माण हुने वा भएका योजनामा प्रकोप जोखिम न्युनिकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

प). गाउपालिका सम्पुर्ण जनताको सरसफाईमा पहुच बृद्धि गरि सफा घर स्वस्च्छ समुदाय, पुर्ण सरसफाई यूक्त वडा हुदै २०७९ भित्र गाउपालिकालाई पुर्ण सरसफाई यूक्त  गाउपालिका सुनिश्चित गर्न यस गाउपालिकाका प्रत्येक वडाको एउटा वस्ती लाई यस आ.ब. भित्रपूर्ण सरसफाई युक्त टोल सुनिश्चित गरिने छ ।

फ)."**माण्डवी वासिको रहर, घरभित्रको धुवा मूक्त घर"** भन्ने नारा तय गरि सुधारीएको चुल्हो,गोवर ग्यास निर्माण लाई अभियानको रुपमा संचालन गदै यस आ.व. मा कम्तीमा १ वटा वडा लाई घर भित्रको धुवामूक्त वडा धोषणा गरिने छ । यो कार्यक्रम कमस गा.पा.का सम्पूर्ण वडामा लागु गरिने छ ।

ब).विद्यालय वच्चावच्चीको दोस्रो घर हो यसैले विद्यालयलाई सरसफाई तथा  स्वच्छतामा नमूना वनाउदै विद्यार्थी हरुको स्वास्थ्य तथा स्वच्छता सरसफाईमा  पहुच वृद्धि गर्न विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता योजना लागु गरिने  छ र यस आ.व.मा प्रत्येक वडाको कमसेकम एउटा विद्यालयलाई सफा र स्वच्छ बिद्यालय  सुनिश्चित गरिने छ ।

भ).गाउँपालिकाको बढ्दो जनसंख्या तथा सहरिकरणबाट उत्पादन भएको फोहोरमैला व्यबस्थापनका लागि ट्याक्टर खरिद गरि फोहोरमैला विसर्जन गर्न डम्पिङ साइटको निर्माण गरिनेछ,

म).गाउँपालिकामा गठन भएका अपाङ्ग संजाल ,जेष्ठ नागरिक संजाल बालबालिका संजाल संग समन्वय गरि परिचयपत्र वितरण तथा शिपमुलक र व्यबसायिक तालिम संचालन गरिनेछ ।

***३. पुर्वाधार विकास क्षेत्र :***

क).कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागु गरेको लकडाउनका कारण चालू आर्थिक वर्षमा ठेक्का प्रभावित भएका,कार्यसम्पन्न हुन नसकेका आयोजनाहरुलाई प्राथमिकतामा राखि यस आ.व मा कार्यसम्पन्न सुनिश्चितता गरिनेछ

ख). गाउँको आधारभुत पुर्वाधार विकासका लागि  वडा कार्यालय जोड्ने सडकहरुको स्तर उन्नती गरिनेछ ,गाउँपालिकाको कार्यालयमा जाने सडकलाई यसै वर्ष देखि कालोपत्र गर्न सुरु गरिनेछ,

ग) सिचाई कुलो निमार्ण तथा मर्मत सम्भार गरी कृषी उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न जोड दिईने छ ,

घ)  सौर्य उर्जा प्रविधि तथा वायोग्यासँ प्रविधिको प्रयोगमा समेत जोड दिईनेछ ,

ङ) भवन बनाउँदा नक्सा पास गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन संहिता कार्यन्वय गरिनेछ ,

च) सडकहरुको स्तरोउन्नती तथा मर्मत सम्भार हुने ब्यवस्था मिलाइनेछ , बाह्रै महिना सडक यातायात संचालनका लागि गाउँपालिका जे.सि.भिलाई तयारी अवस्थामा राखिनेछ,

छ) माण्डवी गाउँपालिकामा रहेको मारसिवाङ खेलकुद मैदानलाई पुर्णता दिन प्रदेश सरकार समेतको रकमबाट महत्वपुर्ण कामहरु सम्पन्न गरिनेछ तथा गा.पा भित्र **एक वडा एक खेलकुद मैदान** नीति अवलम्बन गरि खेलकुद मैदान निर्माणमा जोड दिइनेछ

ज) माण्डवी गाउँपालिकाको आफ्नै भवन नहुदा परेका समस्यकाको निराकरण गर्न गाउँपालिका भवन निर्माणका लागि ठेक्का लगाइ सकेको हुदा त्यसका लागि आवश्यक श्रोतको सुनिश्चितता गरिनेछ ,

झ) माण्डवी गाउँपालिकाको महत्वपुर्ण कार्यक्रम अर्न्तगत गरिव र असाहयलाई जस्तापाता वितरण कार्यलाई यस वर्ष सम्पन्न गरि गाउँपालिकालाई खरको छानो मुक्त गाउँपालिका घोषणा गरिनेछ ,

ञ) **"उज्यालो घर, माण्डवीको भर"** कार्यक्रम संचालनलाई निरन्तरता दिइ विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका जलविद्युत आयोजनामार्फत विद्युतीकरणको कार्य अगाडि बढाईनेछ  । गरिव र असाहयका लागि मिटर बक्स,तार र एम.सि.वि वितरण गरि यस वर्ष सम्पुर्ण जनताको घरमा विद्युतिकरणको सुनिश्चितता गरिनेछ,

ट) गाउँपालिकाको भौतिक पुर्वाधार विकास तथा निर्माण कार्यहरुमा अनिवार्य रुपमा स्थानिय उपभोक्ताको सहभागिताको सुनिश्चितता गरिनेछ,। गाउँपालिकामा निर्माण हुने पुर्वाधार विकास तथा निर्माण कार्यमा अनिबार्य रुपमा यसै गाउँपालिकाका  अदक्ष कामदारलाई काममा लगाउने गरि नीति तय गरिनेछ । विकास कार्यमा जे.सि.भि लगाएतका उपकरणको उपयोगमा कमि ल्याई बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई **हाम्रो विकाश हाम्रै युवा मार्फत** भन्ने नाराका साथ सहभागिको सुनिश्चितता दिइनेछ

ठ) प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत प्राप्त वजेट तथा कार्यक्रमलाई कार्यविधिले तोके बमोजिम कार्य सम्पन्न गरिनेछ त्यसका लागि बेरोजगार युवाको छनौट गर्दा अत्यन्तै गरिव र असहायलाई रोजगारीको शुनिश्चितता गरिनेछ

ड).ऐतिहासिक जनआन्दोलन,जनयुद्ध तथा लोकतन्त्रीक गणतन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्ने यस गाउँपालिकाका सहिदहरुको उच्च सम्मानमा स्मृति पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ,

*४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :*

क) कोभिड -१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्युनिकरणको लागि पूर्वतयारी ,प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानिय विपद् व्यबस्थापन कोषमा आवश्यक बजेटको सुनिश्चितता गरिनेछ

ख) सार्वजनिक तथा प्रति जग्गा र भु-क्षय भएका स्थानहरुमा स्थानीय जनता तथा उपभोक्ता समितिका पदाधिकारी समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सोको संरक्षण गरिनेछ र एक घर १ विरुवा कार्यक्रमलाई अगाढि बढाई अनिवार्य रुपमा विरुवा रोप्ने कार्यक्रम ल्याइनेछ

ख). सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गरी विकास र विपद् व्यवस्थापनलाई एकिकृत ढंगले अगाडी बढाइनेछ ,

ग) वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी बातावरण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृद्धी गरिनेछ ,

घ). गाउँपलिकाले तारजाली ह्यिम पाइप उपलब्ध गराई जनसहभागितामा भु-क्षय तथा जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ ,

ङ). विपद् व्यवस्थापनका लागि स्थानिय प्रशासन संग समन्वय गरी उद्दार खोजी, राहत र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाईनेछ

च). सामुदायिक वनमा उद्यम प्रर्वद्धन गरी आय आर्जन गर्ने नीति लिइनेछ,सामुदायिक बनहरु सँगको सहकार्यमा बनको संरक्षण गर्ने नीति अवलम्बन गर्ने र बन डडेलोका कारण पर्यावरणमा परेको असरका सम्बन्धमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

छ) माण्डवी गााउँपालिका भित्र रहेका प्राकृतिक श्रोत तथा खानीजन्य श्रोतहरुको अनुसन्धान तथा उत्खननका लागि सहज बातावरण सिर्जना गर्दे गाउँपालिकाको आन्तरिक आम्दानी बढाउने नीति लिइनेछ तथा प्रभावित क्षेत्रका जनतालाई पर्ने असरलाई ध्यान दिदै रोजगारी तथा अन्य आय आर्जनको सुनिश्चितताका लागि पहल गरिनेछ,

ज) स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यबस्था गरि उत्पादित बसतुहरुको बजारिकरण सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम बनाइनेछ,

झ).माण्डवी गाउँपालिकाले बिदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीप,क्षमता र रुचि समेतका आधारमा रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण कार्य,सेवा व्यबसाय ,उद्योग,कृषि लगाएतका क्षेत्रमा रोजगारी उपलब्ध गराउन सहयोग पुग्ने कार्यक्रम संचालन गर्नेछ ,

ञ) माण्डवी गाउँपालिकाका महत्वपुर्ण चोक तथा वजार क्षेत्रलाई आधुनिकता झल्कने गरि सोलार वत्ति जडान,सुरक्षित ढल निकास,फोहोरमैला संकलन,सार्वजनिक सैचालय निर्माण र सडक मिचेर वनाइएका घर/टहराहरुलाई हटाउने जस्ता कार्यहरु मार्फत सुन्दर र सफा राखिनेछ । यसै आ.वमा जस्पुर वजारलाई wifi free Zone रुपमा विकास गरिनेछ ,

ट).माण्डवी गाउँपालिकाको सिमाभित्र वग्ने माडिखोला, झिम्रुक खोला र अरङखोलामा  अनियन्त्रित र असुरक्षित तरिकाले माछा मार्ने कार्यलाई नियन्त्रण र व्यबस्थित वनाउनका लागि माछा मार्ने व्यत्तिहरुलाई गाउँपालिकाबाट माछा मार्न निश्चित समय,स्थान र माछा मार्ने विधि समेतका आधारमा माछा मार्ने अनुमति कार्ड उपलब्ध गराइनेछ ,

ठ).गाउपालिका भित्र मदिरा विक्रिवितरण गर्न इजाजत लिएका व्यबसायिको यथार्थ तथ्यांक संकलन गरि गाउँपालिकामा दर्ताका लागि आव्हान गर्ने र गाउँपालिका भित्र अनाधिकृत रुपमा मदिरा विक्रि वितरण कार्यलाई निरुत्साहित गरिनेछ

### *५. शुसासन तथा संस्थागत विकास क्षेत्र :*

क) कोभिड -१९ महामारीका कारण सेवालिन आउने सेवाग्राहिलाई परेको समस्यालाई मध्यनजर गर्दै विद्युतिय माध्यमबाट सेवा प्रबाहलाई प्राथकिकता दिन गाउँकार्यपालिकाको कार्यालय वडा कार्यालयहरु तथा विषयगत शाखा वा इकाइलाई  सूचना प्रविधि मैत्री वनाइने

ख). सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी सुशासन प्रवर्द्धन गरिनेछ ,

ग). नागरिक वडापत्र, सोधपुछ कक्षको व्यवस्था र सुचना प्रविधिको प्रयोग द्वारा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । सामाजिक सुरक्षा भत्तालाई बैक मार्फत वितरण गर्न मन्त्रालयबाट भएको  पटक पटकको निर्देशनलाई पालना गर्दै सवै लाभग्राहिको बैंकमा खाता खोली बैंक मार्फत भुत्तानी गरिनेछ,। बैंक मार्फत भुक्तानी लिन नसक्ने अति अशक्त अपाङ्ग,हिडडुल गर्न नसक्ने जेष्ठ नागरिकलाई बैंकसँग समन्वय गरि घरमै भत्ता पुर्‍याउने व्यबस्था गरिनेछ ।

घ). **जनता सँग अध्यक्ष कार्यक्रम** मार्फत जनताका सुख:दुखमा साथ दिने गरि कार्यक्रम सञ्चालन गरि जनताका समस्या समाधान गर्ने गरि कार्यक्रम छनौट गरिनेछ ,

ङ). वित्तिय अनुसाशन कायम राख्न  उपभोक्ता समितिलाई अति आवश्यक आयोजनाका लागि बाहेक पेश्की दिने प्रावधानलाई नियन्त्रण गरिनेछ । साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्य सम्पन्न गरी भुक्तानी लिने परिपाटीको विकास गरिनेछ ,

च). भवन तथा सडक निर्माणका ठुला आयोजनाहरुमा समेत वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई परिचालन गरिनेछ । स्थानिय स्तरका साना आयोजनाहरु, जनसहभागिता जुट्ने, स्थानिय श्रम,सिप र प्रविधिको प्रयोग हुने आयोजनाहरु उपभोक्ता समितिबाट गरिनेछ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई नीतिगत,प्रशासनिक र आर्थिक विषयमा अभिमुखीकरण गरी रु. ३ लाख भन्दा बढीका आयोजनामा आयोजना सुचना पाटी राख्ने । गुणस्तरीय काम गर्ने, लागत सहभागिता जुटाउने र समयमै सम्पन्न गर्ने आयोजनाको मूलयांकन गरि उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ ।

छ). गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिनेछ,

ज). अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ,

झ). न्यायिक समितिलाई कियाशिल बनाई मेलमिलापको माध्यम बाट जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ,

ञ). आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुर्याउने, सामाजिक न्याय ,लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ

ट). कोभिड-१९का कारण व्यापार व्यबसायमा तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न व्यबसाय कर,घरबहाल कर,जस्ता करका क्षेत्रमा परेको असरको मुल्यांकन गरी कर सहुलियत प्रदान गरिने नीति लिइनेछ । यस क्षेत्रमा उठ्ने राजस्वलाई थप व्यवस्थित गरि राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । यस गाउँपालिकाको आय वृद्धि गर्न तथा राजस्वको परिचालन वृद्धि गर्न राजस्वका दरहरु न्युन गर्दै दायरा फराकिलो बनाइनेछ । करका दरलाई बाञ्चित सीमा भित्र राखिनेछ । प्रगतिशिल करको माध्यमबाट धनी र गरिब बिचको खाडल कम गर्दै लगिनेछ । राजस्वका थप क्षेत्रहरु पहिचान गर्न  राजस्व  सम्भाव्यता अध्ययन गरिनेछ । गैरकर राजस्व, सेवा शुल्क तथा दस्तुर संकलन गर्ने  कार्य वडा  स्तरबाटै कम्प्युटराइज्ड पद्दति बाट प्रविष्ट गर्ने व्यवस्था

मिलाईनेछ । संकलन हुने राजस्व बाँडफाडको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायसँग समन्वय  गरिनेछ ।

ठ).कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालीन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानिय तहमा कार्यरत गैरसरकारी संस्था ,सहकारी संस्था तथा स्थानिय सामुदायिक संस्थाहरु समेतलाई परिपुरक भुमिकामा परिचालन गरिनेछ,

ड) पंजीकरणको कार्यलाई  व्यवस्थित  गर्नको लागि अनलाइन  प्रणाली व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली(Vital Event Registration and Social Security Management Information System) मार्फत व्यक्तिहरुको  विवरण  अद्यावधिक गर्दै आवश्यक प्रतिवेदन हेर्ने, डाउनलोड गर्ने, प्रकाशन गर्ने र वितरण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ,

ढ) सेवा प्रवाह गर्ने कर्मचारीहरुका लागि सहज कार्य  वातावरण सिर्जना गरिनेछ । साथै यो क्षेत्रमा सरकारी कर्मचारीहरुमा जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । भौगोलिक क्षेत्रको बिकटता समेतलाई मध्यनजर गर्दै  काम गर्नुपर्ने बाध्यता भएकाले आगामी दिनमा प्रोत्साहन भत्ताको व्यवस्था मिलाउनेतर्फ पहल तथा अध्ययन गरिनेछ । उचित र बस्तुनिष्ठ मुल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी कर्मचारीहरुलाई क्षमता बिकास तालिम, पुरस्कार तथा दण्ड-सजायको समेत ब्यवस्था मिलाईनेछ ।  सेवा प्रवाभलाई प्रविधि मैत्री  बनाउदै  गुणस्तरीय र भ्रष्टाचार विरुद्ध  शुन्य सहनशीलताको नीति अवलम्बन  गरिनेछ ।

ण) सेवाप्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट बिनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउदै कोभिड-१९ का कारण अर्थतन्त्रमा पर्ने नकारात्मक असरलाइ कम गर्न अनुत्पादक खर्चहरु कटौती गरिनेछ,

त).माहामारीको समयमा,विपद् व्यबस्थापनका कार्यमा र गाउँपालिकाको सुरक्षा जस्ता विषयमा सहयोग गर्न नेपालको संविधानले दिएको अधिकार अर्न्तगत रहेर गाउँ प्रहरीको गठन गरिनेछ ।

थ) यो नीति तथा कार्यक्रम **"उर्जा, कृषि, शिक्षा, पर्यटन गाउँबासिको शान, समृद्ध र खुसि जनता माण्डवीको अभियान"** भन्ने गाउँपालिकाको नारालाई यथार्थमा परिणत गर्ने मार्गदर्शक दस्तावेज हो । सबै समस्याहरुको समाधान एकैपटक सम्भब छैन र हुन पनि सक्दैन । यसका लागि अन्य स्थानीय तहहरु, प्रदेश सरकार, केन्द्र सरकार तथा सरकार बाहेकका अन्य क्षेत्रहरु निजी क्षेत्र, गैर सरकारी

संस्थाहरु, दातृ निकायहरु, नागरिक समाज, प्रबुद्ध वर्गहरु तथा विकास साझेदारहरुसँग सम्वाद, सहकार्य र सहभागिताको नीति अवलम्बन गरिनेछ ।

अन्त्यमा , माण्डवी गाउँपालिकाको विकासमा सक्रिय योगदान पुर्‍याउनु हुने राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत सहकारी तथा सामुदायिक क्षेत्र लगाएत सम्पूर्ण माण्डवीबासी दाजु भाई तथा दिदी बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यावाद !!!

श्रीधर रोका मगर

अध्यक्ष

माण्डवी गाउँपालिका ,जस्पुर प्युठान